नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्याः- ०७२/७३ (प्रे.मे.शा.)
चलानी नं.:- ३६५

मितिः २०७२।०९।२०

विषयः प्रेस नोट।

संविधान सभा मार्फत २०७२ असोज ३ गते जारी भई कार्यान्वयनमा आएको नेपालको संविधानमा रहेका मूलभूत विषयहरुका बारेमा मुलुकका विभिन्न भागमा रहेका सबैलाई सरकारको तर्फबाट सुसूचित गर्ने उद्देश्यले नेपाल सरकारको निर्णयानुसार मिति २०७२ मङ्सिर २१ गते देखि १ महिनाको अवधिमा देशभरी सञ्चालन भएको "नेपालको संविधान-जनताको संविधान, जनताको संविधान जनताकै माझमा" राष्ट्रव्यापी प्रचार प्रसार अभियान हालसम्म अधिकांश जिल्ला स्तरमा र करीव ७० प्रतिशत नगरपालिका/गाविसस्तरमा सम्पन्न भैसकेका छन्। हालसम्म सम्पन्न भएका कार्यक्रममा वर्तमान संविधानले अङ्गीकार गरेका मूलभूत सिद्धान्त र विभिन्न जाती, क्षेत्र, समूदाय र वर्गका जनताको अधिकार स्थापित हुने गरी भए गरेका व्यबस्थाका बारेमा सुसूचित गराइएको र जनसहभागिता उत्साहप्रद रहेको छ। समसामयिक परिस्थिति, भौगोलिक विविधता र मौसमको अनुकुलतालाई मध्यनजर गर्दै जनताको चाहना र आवश्यकता समेतलाई महसुस गरी आजका मिति देखि थप १ महिना अभियान सञ्चालन हुने र संविधानका अन्तरवस्तु र विशेषताहरुलाई आम रुपमा प्रचार प्रसार गरिने व्यहोरा जानकारीका लागि अनुरोध छ।

हालसम्म सम्पन्न भएका अभियान अन्तरगतका कार्यक्रममा संविधानको अन्तरवस्तु र संवैधानिक प्रावधानका बारेमा जनतलाई स्पष्ट गरी सहयोग गर्नु हुने मुख्य अतिथिको रुपमा सहभागी हुनु भएका विशिष्ट महानुभावहरु, सहभागी हुनु भएका सम्पूर्ण नेपाली नागरिक, राजनैतिक दल, संघ संस्था, नागरिक समाज, स्थानीय निकाय लगायत आम सञ्चारका माध्यमहरु, सञ्चारकर्मीहरु र सरोकारवाला सम्पूर्ण निकायलाई धन्यवाद र आभार व्यक्त गर्दै आगामी दिनमा सञ्चालन हुने अभियानमा समेत अझै सक्रिय सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

०७२।९।२०
सह सचिव